

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २१ गते सोमबार ❑ 3 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'दलीय न्यायाधीश नियुक्त प्रक्रियाले स्वतन्त्र न्यायपालिकाको परिकल्पना गर्न सकिँदैन'

**पोखरापत्र संवाददाता**
लमजुङ, २० जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अहिले दलीय आधारमा न्यायाधीश नियुक्त गर्ने चलन परिपाटी बसालिरहेकाले यसलाई नहटाएसम्म स्वतन्त्र न्यायलिकाको कल्पना गर्न नसकिने बताउनुभएको छ।



आइतबार बैंसीसहर नगरपालिका-३ मा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाको नवनिर्मित भवनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले दलीय स्वार्थ र न्यायाधीश अनुकूल न्याय गर्ने प्रविधिको सम्भावना रहेकाले कानुन तथा संविधानबाट यसको 'प्राक्टिस' सबै बदल्नुपर्ने बताउनुभयो। यदि बदल्न सकेन भने नेपालमा न्याय मर्ने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "त्यस्तै उहाँलाई यतिबेला हरेक कुराहरू न्यायालयमा पुग्न थालेका छन्, त्यो स्वाभाविक पनि हो, त्यस्तै अहिले सत्ताशीन दलहरूले संविधानको क्षेत्र खोजेर सरकार गिराउने र बनाउने प्रयत्न भइरहेकाले यो दुःखदायी कुरा हो, यसरी संविधानको छित्र खोजेर र मैले जे गरे पनि हुन्छ।" सत्ता टिकाउने खेलमा मात्रै अघि बढ्यो भने संविधान र अहिलेको व्यवस्था बचाउन नसकिने उहाँले बताउनुभयो। संविधान र सङ्घीय व्यवस्थाप्रति अहिले चारैतिरबाट प्रहार भइरहेकाले यसको जवाफ कामबाट दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

पाँच वर्षको स्थिर सरकारका लागि चुनावमा माओवादीसहित अन्य दलसँग नेपाली काँग्रेस मिलेर गठबन्धन गरेर अघि बढेको र त्यसले केही परिणाम दिए पनि पहिले मुख्य मान्छे नै अस्थिर हुँदा मुलुकले स्थिरता पाउन नसकेको मुख्यमन्त्री पाण्डेको आरोप छ। त्यसैले पाँच वर्षको अस्थिर सरकार बनाउन एउटा चुनौती रहेको उहाँको भनाइ छ।

पत्रकार महासङ्घको भवनका लागि रु ३५ लाख प्रदेश सरकारले सहयोग गरेको र आगामी दिनमा थप रकम समेत सहयोग गर्ने उहाँको भनाइ छ। पत्रकारहरूलाई सहज रूपमा काम गर्नलाई सरकार र मन्त्रीबाट धम्की तथा असहज परिस्थितिको सिर्जना हुने गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। विगतमा राजाका बेला, माओवादीको दण्डको बेलामा र विभिन्न समस्याका बेलामा समेत निरन्तर पत्रकार अघि बढ्दै आएको तथा आगामी दिनमा समेत कसैसँग नझुकी पत्रकारलाई अघि बढ्न उहाँले आग्रह गर्नुभयो। प्रदेशका अर्थमन्त्रीटकराजगुरुङलेसंविधान र राजनीतिक उपलब्धिप्रति प्रहार गर्ने काम भइरहेको लोकतन्त्र तथा स्वतन्त्रका लागि हामी लड्दै आएका र यो व्यवस्थाभित्र स्वतन्त्र पत्रकारिता हुने बताउनुभयो। उहाँले प्रदेश सरकारले यसअघि पनि लमजुङले बजेट कम नगराएको र झन् यस वर्ष यस जिल्लालाई बजेट बढाउने बताउनुभयो। नेपाल पत्रकार महासङ्घका पूर्वकेद्रीय सदस्य किसान सङ्गीत नेपालीले व्यावसायिक पत्रकारको पीडा र मर्कामा राज्यले उचित ध्यान दिनुपर्ने तथा मिडियामैत्री योजना कार्यक्रम राज्यले ल्याउनुपर्नेमा जोड दिनुभयो। पत्रकार महासङ्घका जिल्ला अध्यक्ष परमेश्वर अधिकारीले पत्रकारको भवन निर्माणले पत्रकारका लागि सहज वातावरण हुने बताउनुभयो।

स्वावलम्बी समाज सेवा केन्द्र नेपालले निःशुल्क उपलब्ध गराएको १० आना र पत्रकार महासङ्घ जिल्ला शाखाले तीन आना रु साढे पाँच लाखमा खरिद गरी १३ आना जग्गामध्ये करिब पाँच आनामा भवन निर्माण गरिएको छ। दुईतले भवनमा ११ कोठा रहेका छन्। हालसम्म करिब रु ९५ लाख खर्च भएको भवन निर्माण समितिका सचिव नवीनराज कुइँकेलले बताउनुभयो।

## एक महिनामा भित्रिए ९० हजार विदेशी पर्यटक

**रासस**
काठमाडौं, २० जेठ

सन् २०२४ को मे महिनामा ९० हजार विदेशी पर्यटक भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले आज सार्वजनिक गरेको तथ्याङ्कअनुसार मे महिनामा जम्मा ९० हजार दुई सय ११ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन्।

सन् २०२३ को तुलनामा यस वर्ष पर्यटक आगमन १६ दशमलव १० प्रतिशतले वृद्धि भएको हो। सन् २०२३ को मेमा ७७ हजार सात सय तीनजना विदेशी पर्यटक नेपाल आएका थिए। कोभिड-१९ महामारीपूर्व ७८ हजार तीन सय विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। विदेशी पर्यटक आगमन उत्साहजनक रहेको बोर्डका निर्देशक मणिराज लामिछानेले बताउनुभयो। उहाँले भन्नुभयो, "समग्रमा पर्यटक आगमन उत्साहजनक देखिन्छ। तुलनात्मक रूपमा भारत र अमेरिकाबाट धेरै सङ्ख्यामा पर्यटक भित्रिए पनि चीनबाट अपेक्षित रूपमा पर्यटक बढेका छैनन्।" विगतका महिनामा झैं यो पटक पनि सबैभन्दा बढी छिमेकी मुलुक भारतबाट ३८ हजार दुई सय ८८ जना पर्यटक नेपाल भित्रिएका छन्। सोही अवधिमा अर्को छिमेकी मुलुक चीनबाट आठ हजार तीन सय ८१ जना पर्यटक नेपाल आएका छन्। संयुक्त राज्य अमेरिकाबाट आठ हजार पाँच सय २७ पर्यटक नेपाल भित्रिएका छन्।

## वालिङमा 'कृषि विकास परियोजना' सञ्चालन

**पोखरापत्र संवाददाता**
वालिङ, २० जेठ

स्याङ्जाको वालिङमा हार्थिक अवस्था कमजोर भएका नागरिकलाई उद्यमशील बनाउने उद्देश्यले 'कृषि विकास परियोजना' सञ्चालन गरिएको छ। वालिङका विपन्न र न्यून आय भएका परिवारलाई आयआर्जनसँग जोड्दै गरिबी निवारण गर्ने उद्देश्यसहित परियोजनाको सुरुआत गरिएको हो।

वालिङ नगरपालिका, हेफर प्रोजेक्ट नेपाल र दियालो संस्थाको सहकार्यमा परियोजना गत वैशाख अन्तिम सातादेखि सुरु भएको हो। कृषि विकास परियोजनामार्फत विशेषगरी कृषि र पशुका माध्यमबाट नगरवासीको आर्थिकस्तरमा सुधार ल्याउने योजना पालिकाको रहेको नगरप्रमुख कृष्ण खाँणले बताउनुभयो। "कृषि विकास परियोजनामार्फत कृषि र पशुका माध्यमबाट न्यून आय भएका नगरवासीको आर्थिक स्तर सुधार्न सक्ने गरी योजना बनाएका छौं", उहाँले भन्नुभयो, "यसको कार्यान्वयनका लागि अगाडि बढिसकेका छौं, छिट्टै नै उपलब्धिहरू देखिन थाल्नेछन्।"

परियोजनाले बैङ्कसँगको सहकार्यमा सहुलियत दरमा कर्जा प्रवाह गर्नेछ। कृषि उत्पादन र बजारीकरण, युवामा कर्जा प्रवाह, फरक क्षमता भएका व्यक्तिहरूको आयआर्जनमा परियोजनाले सहयोग गर्ने नगरप्रमुख खाँणले बताउनुभयो। नगरका १४ वटा वडामध्ये पहिलो चरणमा सातवटा वडाका न्यून आय भएका घर पहिचान गरी काम अगाडि बढाइने हेफर प्रोजेक्ट नेपालका कार्यक्रम प्रबन्धक प्रेम साम्वयुले बताउनुभयो। परियोजनामार्फत विपन्न तथा न्यून आय भएका महिला र युवा लक्षित कार्यक्रम सञ्चालन हुने उहाँको भनाइ छ।

परियोजना सञ्चालनका लागि रु तीन करोड ५० लाख बजेट विनियोजन भएको भन्दै कार्यक्रम प्रबन्धक साम्वयुले यसको अवधि २६ महिना रहेको जानकारी दिनुभयो। उहाँका अनुसार परियोजनामा वालिङ नगरपालिकाको ७० प्रतिशत र हेफर प्रोजेक्टको ३० प्रतिशत लागत साझेदारी रहेको छ।

## एमालेको ५९ जिल्लाको अधिवेशन सम्पन्न

**रासस**
काठमाडौं, २० जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को अहिलेसम्म ५९ जिल्लाको अधिवेशन सकिएको छ।

एमालेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार जेठ मसान्तभित्र अधिवेशन सकाउनुपर्ने भएकाले अधिवेशन गर्न बाँकी जिल्लामा यही महिनाभित्र सक्न निर्देशन दिइएको छ। "जेठभित्र जिल्ला अधिवेशन सकाउने निर्देशन दिएकाले धमाधम भइरहेको छ," उहाँले भन्नुभयो, "अधिवेशन गर्न बाँकी जिल्लाहरूको यही महिनाभित्र सकाउँछौं।" उहाँका अनुसार अब १८ जिल्लाको अधिवेशन गर्न बाँकी छ। तीमध्ये सात जिल्लाको अधिवेशनको मिति तोकिएको र अन्य ११ जिल्लाको मिति तोक्न बाँकी छ। प्रचार विभाग प्रमुख गौतमका अनुसार प्यूठान, अर्घाखाँची, रुपन्देही, गुल्मी, नुवाकोट, काठमाडौं र काभ्रे जिल्लाको अधिवेशन मिति तोकिएको छ। आइतबारदेखि प्यूठान जिल्लाको अधिवेशन हुँदै छ। कोशी प्रदेशको इलाम, मोरङ, तेह्रथुम र मधेस प्रदेशको सिराहा, सप्तरी, धनुषाको मिति तोक्न बाँकी छ। गण्डकी प्रदेशको मनाङ, कर्णाली प्रदेशको डोल्पा तथा सुदूरपश्चिम प्रदेशको अछाम, बझाङ र डोटी जिल्लाको पनि अधिवेशनको मिति तोक्न बाँकी छ।

## सुटिङ संघ गण्डकीको पदस्थापना, पोखरामा सुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

नेपालले पदकको आशा गरेको सुटिङ खेलको प्रबर्द्धन गर्न गण्डकी प्रदेशको राजधानि पोखरामा सुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न जोडदार माग गरिएको छ। सुटिङ संघ गण्डकीको शनिबार साँझ पदस्थापना तथा शुभकामना आदान प्रदान गरेको कार्यक्रममा सहभागिहरुले उक्त कुरा बताउनु भएको हो।

उक्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले पोखरामा सुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न सहयोग गर्ने बताउनु भयो। खेलाडी उत्पादनमा जोड दिदैं उहाँले अर्जुन दृष्टिका साथ सुटिङ खेलको विकास गर्न आग्रह गर्नु भयो। फरक प्रशंगमा उहाँले अब केही समय पछि आफु मुख्यमन्त्री हुने आशय व्यक्त गर्दै हाल केही दिन विदामा रहेको जनाउनु भयो। सुटिङ संघका केन्द्रिय अध्यक्ष पुष्पदास श्रेष्ठले २४ बर्ष अघि ओलम्पिकमा सहभागि यस क्षेत्रका खेलाडीहरुको प्रर्दशन पछिल्लो क्रममा गुमनाम जस्तै भएकोले अब पदक ल्याउने गरी जिम्मेवार भयर काम गर्नुपर्ने बताउनु भयो। उक्त खेलबाट नेपाललाई पदकको आशा गरिएकोले आवश्यक पर्ने प्राविधिक सहयोग संघले उपलब्ध गराउने वचन दिनु भयो। सुटिङ संघका सल्लाहकार राजेशकुमार गुरूङले रंगशालामा भौतिक संरचनामा बिषेश ध्यान दिन आग्रह गर्दै शुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न माग गर्नु भयो। सुटिङ खेल नेपालको ओलम्पिकमा सम्भावना भएको खेल भएकाले यो खेलको विकासका लागि सबैले हातेमालो गर्नुपर्ने उहाँको भनाई थियो। ओलम्पियन तथा सुटिङ संघकी केन्द्रिय उपाध्यक्ष भगवती केसी खत्रीले शुटिङ खेलको प्रबर्द्धन गर्न आवश्यक भएको बताउनु भयो। २४ वर्षअघि आफु ओलम्पिक खेलेको स्मरण गर्दै उहाँले अहिले गण्डकी प्रदेश र बागलुङ जिल्लाले सम्मान गर्दै ओलम्पिक खेलाडीका लागि मासिक पाँच/पाँच हजार रुपैयाँ भत्ता प्रदान गरेको सुनाउनु भयो।

आठौं पोखरा स्पोर्ट्स अवार्डका क्रिकेटका उदीयमान खेलाडी अर्जुन कुमालले आफ्नो खेल यात्रा सुनाउँदै १३ बर्षको उमेरदेखी क्रिकेट सुरु गरेको बताउनु भयो। नेपाल प्रहरीका डिआईजी दुर्गा सिंहले अनुशासन र कर्मनिष्ट भई खेल्न आग्रह गर्नु भयो। मानिसहरु अधिकार खोज्ने तर कर्तव्य पलना नगर्दा खेलाडी उत्पादन र रिजल्ट आउन नसक्ने बताउँदै खेलकुदको माध्यमबाट देशलाई योगदान दिन उहाँले सुझाव दिनु भयो। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगा बहदुर क्षेत्रीले ओलम्पिकमा पुग्नु खेलाडीका लागि ठूलो सपना रहेको बताउनु भयो।

गण्डकी प्रदेश सुटिङ संघको गठनसंगै कार्यसमितिमा निर्वाचित भएकाहरुको आइतबार पदस्थापना गराएको छ। मोतीराम गुरुङको अध्यक्षतामा संघको निर्वाचन १४ जेठमा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित हुनु भएको थियो। संघको उपाध्यक्षमा दलराज पुन र लोक श्रेष्ठ, महासचिवमा पुरन कुँवर, सचिवमा विज्ञान्त श्रेष्ठ, कोषाध्यक्षमा बुद्ध गुरुङ सर्वसम्मत निर्वाचित भएका हुनु भयो भने यस्तै संघको सदस्यहरुमा विजय कार्की, ऋषिकेश शर्मा पौडेल, खम्बा गुरुङ, प्रश्नसिंह ठकुरी, डविन गुरुङ, माया बस्नेत, आरसि राज भण्डारी, चीनबहादुर थापा, सुर्यबहादुर थापा र विवश क्षेत्री (काजी) रहनु भएको छ। संघका नवनिर्वाचित अध्यक्ष मोतीराम गुरूङले पोखरा रंगशालामा सुटिङका लागि जग्गा रहेको र त्यसको संरक्षण पहिलो काम रहेको बताउनु भयो। उनले अब गण्डकीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुटिङ रेन्ज निर्माणका लागि आफुहरु लाग्ने र खेलको विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। नवौं राष्ट्रिय खेलकुद पोखरामा हुँदा समेत सुटिङ रेन्च बन्न नसक्नु पोखरेली र नेपालकै लागि दुर्भाग्य भएको खेलकुदकर्मीले बताउनु भयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# चौथो संस्करणको अन्नपूर्ण म्याराथनमा ४ विदेशी सहित ६० जना धावक सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

अन्नपूर्ण पदमार्गमा सोमबार आयोजना हुने चौथो संस्करणको अन्नपूर्ण म्याराथन-२०८१ मा ४ विदेशी सहित ६० जना धावकहरु सहभागि हुने भएका छन् ।

अन्नपूर्ण सेन्चूरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा अन्नपूर्ण आधार शिविरबाट सोमबार विहान सुरु हुने उक्त प्रतियोगितामा ४ वेलायतका धावक सहित ६० जना धावक सहभागि हुने भएको समितिका अध्यक्ष एवं अन्नपूर्ण म्याराथन मुल आयोजक समितिका संयोजक ललित गुरूङले बताउनु भयो ।



प्रतियोगितामा १ विदेशी सहित ११ जना महिला र ४९ जना पुरुष धावकहरु सहभागि हुने भएको उहाँले जनाउनु भयो । महिला तथा पुरुष दुबै तर्फका लागि हुने म्याराथनमा विजेता खेलाडीले नगद १ लाख ५० हजार प्राप्त गर्ने भएका छन् । त्यसै गरी दोश्रो हुनेले १ लाख र तेश्रो हुनेले ७५ हजार साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । विदेशीका लागि प्रोत्साहन पुरस्कार स्वरुप विशेष पुरस्काको ब्यवस्था गरिएको छ । पुरुषतर्फ दर्ता शुल्क ७ हजार र महिलातर्फ ५ हजार आयोजकले निर्धारण गरेको थियो ।

पर्यटनका लागि सबै मौसम भन्ने मूल नाराका साथ वि.सं. २०७५ सालदेखि सुरू गरिएको चौथो संस्करणको अन्नपूर्ण म्याराथन-२०८१ अन्नपूर्ण आधार शिविरको पूर्वाधार विकाससँगै पर्यटन प्रबर्द्धनका लागि सुरू गरिएको म्याराथनलाई यस बर्ष पनि निरन्तरता दिईएको संयोजक गुरुङले बताउनु भयो । समितिले अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवसका दिनको अवसर पारेर प्रत्येक बर्ष अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म (१४२.१९५ किमी)को अन्नपूर्ण म्याराथन गर्दै आईरहेको छ । २०७५ सालदेखि आरम्भ गरिएको म्याराथन बीचका दुई संस्करण कोभिड-१९ का कारण हुन नसकेको थिएन, गत बर्षदेखि यसलाई निरन्तरता दिईएको अध्यक्ष गुरूङले बताउनु भयो । विशेषतः सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरी ८ हजार मिटर भन्दा अग्ला हिमाल आरोहणको इतिहासमा विश्व कीर्तिमानी राखेको सन्दर्भमा उक्त दिनलाई "अन्नपूर्ण आरोहण दिवस" का रूपमा मनाउने गरिन्छ। सोही दिनको सम्भनामा अन्नपूर्ण म्याराथन हुने भएकाले यसको छुट्टै ऐतिहासिक गरिमा रहेको संयोजक गुरुङको भनाई छ । अन्नपूर्ण आधारशिविरबाट आरम्भ हुने म्याराथन माछापुच्छ्रे आधारशिविर, वगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइँले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुक आई समापन हुने गरी म्याराथन रुट कायम गरिएको समितिका महासचिव दिलीप गुरूङले जनाउनु भयो । अन्नपूर्ण म्याराथन-२०८१ सम्पन्न गर्नका लागि करिब ३० लाख रुपियाँ लाग्ने अनुमान गरिएको महासचिव गुरुङले बताउनु भयो । अन्नपूर्ण म्याराथनमा पहिलो संस्करणको उपाधि त्रिभुवन आर्मीका हरि कुमार रिमालले जित्दा दोस्रोमा डोटीका खगेन्द्रबहादुर भाटले, तेस्रो संस्करणको उपाधि जुम्लाका धीरबहादुर बुढा र महिला तर्फ गणना भण्डारीले जित्नु भएको थियो । म्याराथनलाई अन्तर्राष्ट्रिय इभेन्टका रुपमा विकास गर्न गतवर्षदेखि अल्टिमेट एडभन्चर नेपालले प्राविधिक सहयोग गरेको छ । प्रतियोगितालाई सफल पार्न अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र बीजन (एक्याप) राष्ट्रिय प्रकृति संरक्षण कोष, पोखरा महानगरपालिका, धान्दुक पर्यटन व्यवस्थापन समिति, टांडापानी पर्यटन व्यवस्थापन समिति, खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, राष्ट्रिय खेलकुद परिषद, गण्डकी प्रदेश क्षेत्रकृय परिषद्, अन्नपूर्ण काठमाडी समाज नेपाल, गुरु आनन्द फाउन्डेशन, अनांवियर खुकुरी रम, पोखरा फाइनान् लिमिटेड, ज्योति विकास बैंक लि., होटल रक एण्ड मुह, कस्बर रिसोर्ट, धान्दुक सी.वाई.सी. क्लिनिक सहितका अन्य पर्यटनसँग सम्बन्धित संघसंस्थासंगबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

# स्याङ्जाका स्थानीय तहलाई पाँच अर्ब बढी बजेट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २० जेठ

सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटमा स्याङ्जाका ११ स्थानीय तहलाई ५ अर्ब ४३ करोड विनियोजन गरेको छ। विनियोजित बजेट मध्ये ५ नगरपालिकालाई तीन अर्ब तीन करोड ५४ लाख र ६ गाउँपालिकाको लागि एक अर्ब ९६ करोड ८९ लाख विनियोजन गरेको हो ।

नगरपालिका तर्फ सबैभन्दा बढी पुतलीबजार नगरपालिकालाई एक अर्ब ४ करोड ४१ लाख रुपैयाँ विनियोजन गरिएको छ भने भीरकोट नगरपालिकालाई सबै भन्दा कम ४० करोड ७८ लाख विनियोजन गरिएको छ । नगरपालिका तर्फ पुतलीबजारलाई एक अर्ब ४ करोड ४१ लाख विनियोजन गरिएको छ । उक्त रकममध्ये समानीकरण अनुदानमा १३ करोड ८८ लाख, सशर्त अनुदानमा ८६ करोड ८३ लाख, विशेष अनुदान तर्फ ९० लाख र समपुरक अनुदानमा दुई करोड ८० लाख रहेको छ।

वालिङलाई समानीकरण अनुदानमा १५ करोड १० लाख, सशर्त अनुदान तर्फ ४१ करोड ८८ लाख, विशेष अनुदानमा एक करोड २० लाख र समपुरक अनुदानमा दुई करोड ८५ लाख गरी ६१ करोड तीन लाख विनियोजन गरिएको छ। गल्याङ्लाई समानीकरण अनुदानमा १२ करोड ४५ लाख, सशर्त अनुदान तर्फ ३७ करोड ८२ लाख, विशेष अनुदानमा तीन करोड गरी ५३ करोड २७ लाख विनियोजन भएको छ । उता चापाकोटलाई ४४ करोड ५ लाख विनियोजन गरिएको छ। विनियोजित बजेटमा समानीकरण अनुदानमा १० करोड ७ लाख, सशर्त अनुदान तर्फ ३१ करोड ४८ लाख, र समपुरक अनुदानमा दुई करोड ५० लाख रहेको छ। भीरकोटलाई समानीकरण अनुदानमा १० करोड २२ लाख, सशर्त अनुदान तर्फ २७ करोड एक लाख, विशेष अनुदानमा दुई करोड १५ लाख र समपुरक अनुदानमा एक करोड ४० लाख गरी ४० करोड ७८ लाख विनियोजन गरिएको छ। गाउँपालिका तर्फ सबैभन्दा बढी कालीगण्डकीलाई ४३ करोड ८८ लाख रुपैयाँ विनियोजन गरिएको छ भने सबै भन्दा कम फेदीखोलालाई २६ करोड ६६ लाख विनियोजन गरिएको छ । कालीगण्डकीलाई समानीकरण अनुदानमा ९ करोड ४४ लाख, सशर्त अनुदान तर्फ ३० करोड ७४ लाख, विशेष अनुदानमा तीन करोड ७० लाख गरी ४३ करोड ८८ लाख विनियोजन गरिएको छ। बिरुवालाई ३४ करोड ६८ लाख बजेट विनियोजन गरिएको छ । समानीकरण अनुदानमा ८ करोड ६३ लाख, सशर्त अनुदान तर्फ २२ करोड ७० लाख, विशेष अनुदानमा दुई करोड ६० लाख र समपूरक अनुदानमा ७५ लाख रहेको छ । आँधिखोलालाई समानीकरण अनुदानमा ८ करोड ३६ लाख, सशर्त अनुदान तर्फ २३ करोड १९ लाख, विशेष अनुदानमा एक करोड ५० लाख र समपूरक अनुदानमा एक करोड ५० लाख गरी ३४ करोड ५५ लाख विनियोजन गरिएको छ।

अर्जुनचौपारीलाई २९ करोड १९ लाख विनियोजन गरिएको छ। विनियोजित रकममा समानीकरण अनुदान तर्फ ८ करोड १८ लाख, सशर्त अनुदानमा १९ करोड एक लाख र समपूरक अनुदानमा दुई करोड गरी रहेको छ। हरिनाशलाई समानीकरण अनुदानमा ८ करोड २३ लाख, सशर्त अनुदान तर्फ १८ करोड ५५, विशेष अनुदानमा एक करोड १५ लाख गरी २७ करोड ९३ लाख विनियोजन भएको हो ।

फेदीखोलालाई २६ करोड ६६ लाख विनियोजन भएको छ । विनियोजित बजेटमा समानीकरण अनुदानमा ७ करोड ४८ लाख, सशर्त अनुदान तर्फ १७ करोड ८ लाख, विशेष अनुदानमा एक करोड १० लाख र समपूरक अनुदान एक करोड रहेको छ । जिल्लाका ११ स्थानीय तहहरुलाई विनियोजित बजेटमा समानीकरण अनुदान तर्फ एक अर्ब १२ करोड चार लाख, सशर्त अनुदानमा तीन अर्ब ५६ करोड २९ लाख, विशेष अनुदानमा १७ करोड ३० लाख र समपुरक अनुदान तर्फ १४ करोड ८० लाख गरी कुल ५ अर्ब ४३ लाख बजेट विनियोजन भएको हो ।

# चार्टर्ड एकाउण्टेण्टहरुलाई पोखरामा बजेट सम्बन्धी प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

चार्टर्ड एकाउन्टेण्टहरुलाई पोखरामा बजेट सम्बन्धि प्रशिक्षण गराइएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संघ कास्कीले आइतबार पोखरामा 'बजेट २०८१/०८२ मा कर प्रक्रिया र अन्तरक्रिया कार्यक्रम बारे प्रशिक्षण' आयोजना गरेको हो ।



कार्यक्रमको उद्घाटन सत्रमा सहभागिहरुले बजेट कार्यान्वयन गर्दा निजी क्षेत्रसंग सहकार्य गरी गर्न सुझाव दिनु भएको छ। संघिय सरकारले हालै ल्याउको बजेट कार्यान्वयन गर्दा निजी क्षेत्रसंगको सहकार्य र समन्वय गर्न सुझाव दिनु भएको हो। अघिल्लो बर्षको तुलानमा एक खर्ब १५ अर्ब जसो बढी बजेट आए पनि केही व्यवसायी र रोजगारी मुखी बजेट भएकोले त्यसको कार्यान्वय गर्दा निजी क्षेत्रसंग सहकार्य अपरिहार्य भएको व्यवसायीहरुको भनाई थियो । आर्थिक बर्ष २०८१/०८२ को हालै सार्वजनिक भएको बजेटमा कर प्रक्रिया र अन्तरक्रिया कार्यक्रमको आइतबार उद्घाटन गर्दै गण्डकी प्रदेशका आर्थिक मामिला सचिव पुरुषोत्तम शर्माले प्रदेशको असार १ गते आउने बजेटमा निजी क्षेत्रमैत्री बजेट ल्याउने बताउनु भयो । संघिय सरकारले ल्याएको बजेटको आधारमा अब प्रदेशमा कार्यान्वयन गर्न सक्ने गरी आफुहरुले बजेट ल्याउने उहाँले जनाउनु भयो । प्रदेशको आन्तरिक राजश्व बृद्धि गर्न नसक्दा प्रशासनिक खर्च धान्न र पुंजिगत खर्च बढाउन कठिन हुने गरेको सचिव शर्माको भनाई थियो । आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिव शर्माले यस बर्षको बजेटले आयकर तथा मुल्यअभिबृद्धि करमा केही छुट प्याकेज ल्याएको बताउनु भयो । कार्यालयले अब छिट्टै कर शिक्षा कार्यक्रम आयोजना गर्ने तयारी गरेको उहाँले जनाउनु भयो । पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतीले देशमा आर्थिक मन्दिरले व्यवसाय प्रभावित भएको अबस्थामा बजेटले व्यवसायहरुलाई प्रबर्द्धन हुने गरी स्पष्ट निती नआएको गुनासो गर्नु भयो । युवा परिचालन तथा युवा स्वरोजगार जस्ता कार्यक्रममा एक अर्बको बजेट विनियोजन भएकोले त्यसको कार्यान्वयको लागि व्यवासीहरुसंग बुंदागत रुपमा छलफल गर्नु पर्ने उहाँको भनाई छ । उक्त कार्यक्रममा करिब १ सय २० जना चार्टर्ड एकाउन्टेन्टहरुको सहभागिता रहेको प्रदेश संघ गण्डकीका प्रमुख अनिल लामिछानेले बताउनु भयो । संघ कास्कीका अध्यक्ष विवेक श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा संघ गण्डकीका संयोजक लक्ष्मण अधिकारी, संघ कास्कीका सचिव सागर आचार्य लगायतले वोल्नु भएको थियो । कार्यक्रममा सीए शेषमणि दाहालले सहजीकरण गर्नु भएको छ।

# जेठ अन्तिमदेखि मनसुन भित्रिदै, सरदरभन्दा बढी वर्षा हुने

**राससं**
काठमाडौं, २० जेठ

यस वर्षको मनसुन यही जुन १३ अर्थात जेठ ३१ गतेदेखि नेपाल प्रवेश गर्ने आँकलन गरिएको छ । यद्यपी मनसुन भित्रिने सरदर मितिभन्दा केही दिन तलमाथि पर्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुन हाल भारतको उत्तर पूर्वी भू-भाग, बङ्गलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। नेपालको पूर्वी भू-भागमा मनसुन आगमन हुने सरदर मिति जुन १३ आँकलन गरिएको भए पनि त्यसअघि नै भित्रिने देखिन्छ।


महाशाखाका मौसमविद् रोजन लामिछानेले नेपालमा मनसुन जुन १३ आसपास भित्रिने बताउनुभयो। हाल मुलुकका विभिन्न भू-भागमा भईरहेको वर्षा मनसुनी वायुको प्रभाव नभई स्थानीय प्रणाली, पश्चिमी वायु र उत्तर प्रदेश तथा बिहार आसपासको न्यून चापीय प्रणालीको प्रभाव भएको उहाँले जानकारी दिनुभयो।

नेपालमा सामान्यतया मनसुन सरदर अवधि जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ । तर मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ। यस्तै आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ । सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भू-भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ।

अधिकतम तापक्रम देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी देखिएको छ। ऋतुगत जलवायु विभिन्न सामुन्द्रिक, वायुमण्डलीय, भूमण्डलीय, हिममण्डलीय र जैविकीय प्रणालीमा निर्भर रहन्छ । मनसुनको आँकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारुपहरूको आँकलन र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आँकलनको आधारमा तयार गरिएको विभागका प्रवक्ता सुनिल पोखरेलले जानकारी दिनुभयो।

साथै यो आँकलन तयार गर्दा नेपालको मनसुन सिजनको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो' (एल निनो एण्ड साउदर्न ओस्सिालोसन) तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्थालाई विश्लेषणका आधारमा गरिएको हो।

यसबाहेक जलवायु प्रारुपको मनसुन सिजनको आँकलन, युरोप तथा एसियामा गत हिउँद तथा प्रि-मनसुनको सिजनमा परेको हिउँ, अन्तर ऋतु परिवर्तनशिलताका कारकलाई मध्यनजर गरिएको छ । प्रवक्ता पोखरेलले भन्नुभयो, "हाल 'एन्सो' तटस्थ अवस्थामा रहेको छ र आगामी मनसुन सिजनमा 'ला निना' को अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारुपहरुको आँकलन रहेको छ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# महिला सहभागिता बढाउने अठोट

रोजगारीका बहुआयामिक आवश्यकतालाई एकद्वारमार्फत सहयोग पुऱ्याउने उद्देश्य अनुरूप श्रमाधान योजना मुलुकका सातै प्रदेशमा सञ्चालन हुँदैछ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमाधान योजना कोशी प्रदेशबाट प्रधानमन्त्री पुष्प कमल दाहालले शुभारम्भ गरेका थिए । निजी क्षेत्रको सहकार्यमा भएको कार्यक्रममा धेरैको रुचि देखिनुले कार्यक्रमको महत्त्व दर्शाएको छ ।

रोजगारदाताले आफूलाई आवश्यक परेको जनशक्ति नपाउने र बेरोजगारले सिपको अभावमा काम नपाएर भौंतारिनु परिरहेको अवस्था छ । सिपसहितको जनशक्ति खोजिरहेका रोजगारदाता र रोजगारीको खोजीमा रहेका युवालाई एउटै थलोमा साक्षात्कार गराउने उद्देश्यले प्रारम्भ गरिएको श्रमाधान रोजगार मेला गण्डकी प्रदेशको पोखरामा २१ देखि २२ गतेसम्म हुनेछ । यस प्रकारको कार्यक्रमले रोजगारी खोज्ने र रोजगारदाता उद्योग/प्रतिष्ठानको यथार्थ तथ्याङ्क सङ्कलन हुने अपेक्षा राखिएको छ। यसै आधारमा अर्को वर्ष बजारको माग र नागरिकको चाहना अनुसारको तालिम सञ्चालन गरेर स्वदेशी कम्पनीमा रोजगारी सिर्जना र स्वरोजगार बनाउने दीर्घकालीन योजनामा सघाउ पुऱ्याउने सरकारको योजनालाई सकारात्मक रूपमा लिइएको छ ।

श्रमाधान मेलामा सहभागी हुन चाहनेका लागि मन्त्रालयले अनलाइनमार्फत स्टल बुकिङ सुविधा दिएर सहज बनाएको छ। निजी र साझेदारी क्षेत्र बढाएर लैजाने सिप विकास, आन्तरिक र वैदेशिक रोजगारीमा गुनासो, चासो, सुझाव सङ्कलन गर्ने र त्यसको समाधानमा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोषका बुथमार्फत तत्काल समाधान खोजिने भएको छ । कसरी निजी क्षेत्रसँग मिलेर रोजगारी सिर्जना गर्न र आन्तरिक रोजगारीलाई बढावा दिन सकिन्छ भन्नेमा नै श्रमाधान केन्द्रित रहेको छ । हालको ११ प्रतिशतको बेरोजगारी दरलाई घटाएर पाँच प्रतिशतमा सीमित गर्ने १६ औँ योजनाको लक्ष्य छ । यस योजनाले अबको १५ वर्षमा बाध्यात्मक रूपमा विदेश जानुपर्ने स्थिति अन्त्य गर्ने दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ । प्रदेश हुँदै आगामी वर्षदेखि जिल्ला एवं स्थानीय तहसम्मै पुग्ने मन्त्रालयले रणनीति तय गरेकाले युवामा उत्साह वृद्धि हुने अपेक्षा छ। वैदेशिक रोजगारीबाट फर्केका तथा स्वदेशमै अवकाश प्राप्त नागरिकको सिप, श्रम र अनुभवलाई पुनः सक्रिय बनाउने उपाय खोजी गरिएको छ ।

विविधतामा एकता, समतामूलक श्रम, श्रम कानुनसम्बन्धी ज्ञान, भविष्यका लागि तयारी, कार्यस्थलमा हुने तनाव व्यवस्थापन, मनोसामाजिक सहयोग र सांस्कृतिक समय, श्रमिक र श्रमिक परिवारको मानसिक स्वास्थ्य समस्या समाधान एवं समस्याहरूको तत्काल सम्बोधन गर्ने गरी कल सेन्टरको व्यवस्थासहित श्रमाधान योजना अगाडि सारिएको व्यवस्थापन पक्षको भनाइ छ । रोजगारदाता र रोजगारी खोज्नेबिचका बहुआयामिक पक्ष समेटेर रोजगार बैङ्कका रूपमा विकास गर्ने सरकारको योजना कार्यान्वयमा आउने वातावरण बनेमा विदेश जान खोज्ने प्रबृत्ति निरुत्साहित हुनेछ ।

# तनहुँको घिरिङमा यूनाइटेडको स्वास्थ्य शिविर




**पोखरापत्र संवाददाता**
तनहुँ, २० जेठ

यूनाइटेड क्लब पोखराको आयोजनामा तनहुँको घिरिङमा वृहत निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । घिरिङ गाउँपालिका वडा नं ३ रानीपोखरीमा आयोजित शिविरमा ७ सय ५५ जनाले प्रत्यक्ष स्वास्थ्य लाभ लिए । शिविरमा हाडजोर्नी, नशा, स्त्रीरोग, नाककान घाँटी, बालरोग, दन्त रोग लगायतको परिक्षण गरिएको थियो । सो अवसरमा २ सय २ जनाको सुगर परिक्षण संगै २ सय २२ जनाले इसिजी, भिडियो एक्सरेको सुविधा लिएका थिए ।

शिविरको उद्घाटन गर्दै घिरिङ गाउँपालिकाका अध्यक्ष होम बहादुर थापाले ग्रामिण भेगमा रहेका जनताहरुलाई लक्षित गरी शिविरको आयोजना गरेकोमा यूनाइटेड क्लब प्रति आभार प्रकट गरे । अध्यक्ष थापाले भने घिरिङ गाउपालिकामा रहेका ग्रामिण भेगका जनता जो कृषिमा निर्भर छन उनीहरुले विरामी भएपनि स्वास्थ्य उपचारका लागि शहर जान भ्याउदैनन उनीहरुका लागि गाउमै आएर निशुल्क रुपमा स्वास्थ्य जाँचको लागि यूनाइटेड क्लब संग सहकार्य गरेर अगाडी वढेका हौ यसबाट पक्कैपनि जनताले लाभ लिनेछन । त्यस्तै पूर्व अध्यक्ष रन वहादुर रानाले युनाइटेड क्लबले पोखरामा महोत्सवको आयोजना गरी ग्रामिण भेगमा रहेका जनताहरुलाई लक्षित गरेर स्वास्थ्य शिविरको आयोजना गरेकामा यूनाइटेड क्लब प्रति आभार प्रकट गरे । यूनाइटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बख्रेलले स्थापना कालदेखी यूनाइटेड क्लवले स्वास्थ्यको क्षेत्रमा काम गर्दै आइरहेको र त्यसको निरन्तरता स्वरुप घिरिङमा निशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको वताए । स्थापना कालदेखी हाल सम्म आइपुग्दा विभिन्न ग्रामीण भेगहरुमा पुगी जनताहरुलाई स्वास्थ्य लाभ दिएको उनको भनाइ रहेको थियो । सो अवसरमा वोल्दै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका हाडजोर्नी नशारोग विभागका प्रमुख सह प्रध्यापक डा. झपिन्द्र पोख्रेलले गाउँका दुर दराजमा रहेका विपन्न वर्गका मानिसहरुलाई लक्षित गरी आयोजना गरिने स्वास्थ्य शिविरले जनताहरुलाई प्रत्यक्ष प्रभाव पार्ने वताए । त्यस्तै हाडजोनी तथा नशारोग विशेषज्ञ डाक्टर दिनेश विकले शिविरमा उपलब्ध नभएका औषधकी र हाजोर्नीको अपरेशन गर्नुपर्ने विरामीलाई निशुल्क अप्रेशनको व्यवस्था गर्ने र आर्थिक अभावमा रहेका घिरिङका हाडजोर्नी तथा नशारोगका विरामीलाई उक्त सेवा प्रदान गर्न आफु तयार रहेको वताए । यूनाइटेड क्लबका अध्यक्ष राजु श्रेष्ठले यूनाइटेड क्लबले स्थापना कालदेखी वर्षेनी ग्रामीण भेगमा रहेका जो स्वास्थ्यको पहुचबाट टाढा रहेका छन उनीहरुलाई मध्येनजर गरी स्वास्थ्य शिविरको आयोजना गर्दै आइरहेको र सोही अनुरुप घिरिङ गाँउपालिकाका दुर दराजमा रहेका जनताहरुलाई लक्षित गरी स्वास्थ्य शिविरको आयोजना गरेको वताए । सो शिविरमा हाडजोर्नी तथा नसारोग विशेषज्ञ सह प्रध्यापक डा. झपिन्द्र पोखरेल, स्त्रीरोग विशेषज्ञ डा. नारायण ओझा, रेडियोलोजिष्ट सह प्रध्यापक डा. रोशन पंगेनी, जनरल सर्जन डा. आनन्द भट्टराइ, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. दिनेश बिक, पेट छाती मुटुरोग विशेषज्ञ डा. सुदर्शन सुवेदी, डा उज्जवल शाह, डा. ओसीन ढकाल, डा. सागर अधिकारी, शोभाखर पाण्डे, नरहरी पनेरु, सुवास सुवेदी, इश्वर शर्मा, सृजना पौडेल, सन्दिप केसी, सुस्मिता घमाल, ममता थापा, विपना थापा, प्रतिमा गुरुङ, निशानी खत्री, सन्देश पौडेल, डिल बहादुर क्षेत्री, बिजय खड्का, सम्झना पौडेल लगायतले सहजीकरण गरेका थिए ।

क्लबका कार्यसमिति सदस्य तथा स्वास्थ्य शिविर कार्यक्रमका संयोजक जयराम आचार्यले सञ्चालन गरेको कार्यक्रममा क्लबका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेका थिए । कार्यक्रममा क्लबका पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिना, कोषाध्यक्ष सूर्य बहादुर बानियाँ, क्लवका सदस्यहरु सन्तोष कार्की, शिव थापा, शान्ति सुवेदी, क्लबका आजिवन सदस्य शुसिला श्रेष्ठ, रिम क्षेत्री लगायतको सहभागीता रहेको थियो । घिरिङ गाउँपालिकाको ब्यवस्थापनमा सम्पन्न शिविरमा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर रानीपौवा पोखरा , नरहरि पोलिक्लिनीक पोखरा १० रामबजार र एशिया ओरल एण्ड डेण्टल केयर प्रालि पोखरा ५ जिरो किमिको प्राविधिक सहयोग रहेको थियो ।

# चालीस लाख खर्चेर म्याग्दीको दग्नाममा खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नाममा खेलमैदान निर्माण भएको छ । दग्नामको एकता युवा क्लबले गाउँपालिका, प्रदेश सरकार, जलविद्युत् आयोजना र स्थानीयवासीको सहयोग जुटाएर प्यारापिटसहितको खेलमैदान निर्माण गरेको हो ।

चालीस लाखको लागतमा एक सय मिटर लम्बाइ र ५० मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको क्लबका अध्यक्ष मनोज तिलिजाले बताउनुभयो । "व्यवस्थित खेलमैदान बनेपछि विद्यालय परिसर र खेतबारीमा खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्नुपर्ने समस्या हटेको छ", उहाँले भन्नुभयो। खेलाडीलाई फुर्सदको समयमा ब्यायाम, खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ । गण्डकी प्रदेश सरकारको रु १५ लाख सहयोगमा ढलान गरिएको खेलमैदानमा अपर र मङ्गले राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक तुण्डी हाइड्रोपावरको रु १४ लाख बजेटमा स्टेज निर्माण भएको अध्यक्ष तिलिजाले बताउनुभयो । गाउँपालिकाबाट विनियोजित रु ११ लाख बजेटबाट प्यारापिट निर्माण र तारजालीले खेलमैदानको डिलतर्फ घेराबार गरिएको वडाध्यक्ष पविन गर्बुजाले बताउनुभयो । बाहालवाला र सेवानिवृत्त भारतीय गोर्खा सैनिकहरूको रु पाँच लाख बढी सहयोगमा बास्केटबलको फाइबर बोर्ड जडान भएको छ । क्लबका पूर्वअध्यक्ष गुन पुनले खेलमैदान निर्माणका लागि स्थानीय यौमन गर्बुजाले पाँच रोपनी, भक्त र रुकबहादुर गर्बुजका दाजुभाइ, नन्दबहादुर र कुलप्रसाद गर्बुजाका दाजुभाइ एवं विशाल र श्रीलाल गर्बुजाका दाजुभाइका परिवारले गरी पाँच रोपनी बढी जग्गा दान गरेका जानकारी दिनुभयो ।

खेलमैदानको भूमे पूजाका अवसरमा एकता युवा क्लबले आयोजना गरेको खेलकुद तथा सांस्कृतिक कार्यक्रमको अवसरमा शनिबार प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा क्लबले जग्गादाता र चन्दादातालाई सम्मान गरिएको थियो ।

# सुटिङ संघ गण्डकीको पदस्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ

नेपालले पदकको आशा गरेको सुटिङ खेलको प्रबर्द्धन गर्न गण्डकी प्रदेशको राजधानि पोखरामा सुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न जोडदार माग गरिएको छ ।

सुटिङ संघ गण्डकीको शनिबार साँझ पदस्थापना तथा शुभकामना आदान प्रदान गरेको कार्यक्रममा सहभागिहरुले उक्त कुरा बताउनु भएको हो ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले पोखरामा सुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न सहयोग गर्ने बताउनु भयो । खेलाडी उत्पादनमा जोड दिदैं उहाँले अर्जुन दृष्टिका साथ सुटिङ खेलको विकास गर्न आग्रह गर्नु भयो । फरक प्रशंगमा उहाँले अब केही समय पछि आफु मुख्यमन्त्री हुने आशय व्यक्त गर्दै हाल केही दिन विदामा रहेको जनाउनु भयो । सुटिङ संघका केन्द्रिय अध्यक्ष पुष्पदास श्रेष्ठले २४ बर्ष अघि ओलम्पिकमा सहभागि यस क्षेत्रका खेलाडीहरुको प्रर्दशन पछिल्लो क्रममा गुमनाम जस्तै भएकोले अब पदक ल्याउने गरी जिम्मेवार भयर काम गर्नुपर्ने बताउनु भयो । उक्त खेलबाट नेपाललाई पदकको आशा गरिएकोले आवश्यक पर्ने प्राविधिक सहयोग संघले उपलब्ध गराउने वचन दिनु भयो । सुटिङ संघका सल्लाहकार राजेशकुमार गुरूङले रंगशालामा भौतिक संरचनामा बिषेश ध्यान दिन आग्रह गर्दै शुटिङ ट्रेनिङ सेन्टर स्थापना गर्न माग गर्नु भयो । सुटिङ खेल नेपालको ओलम्पिकमा सम्भावना भएको खेल भएकाले यो खेलको विकासका लागि सबैले हातेमालो गर्नुपर्ने उहाँको भनाई थियो ।

ओलम्पियन तथा सुटिङ संघकी केन्द्रिय उपाध्यक्ष भगवती केसी खत्रीले शुटिङ खेलको प्रबर्द्धन गर्न आवश्यक भएको बताउनु भयो । २४ वर्षअघि आफु ओलम्पिक खेलेको स्मरण गर्दै उहाँले अहिले गण्डकी प्रदेश र बागलुङ जिल्लाले सम्मान गर्दै ओलम्पिक खेलाडीका लागि मासिक पाँच/पाँच हजार रुपैयाँ भत्ता प्रदान गरेको सुनाउनु भयो ।

आठौं पोखरा स्पोर्ट्स अवार्डका क्रिकेटका उदीयमान खेलाडी अर्जुन कुमालले आफ्नो खेल यात्रा सुनाउँदै १३ बर्षको उमेरदेखी क्रिकेट सुरु गरेको बताउनु भयो । नेपाल प्रहरीका डिआईजी दुर्गा सिंहले अनुशासन र कर्मनिष्ट भई खेल्न आग्रह गर्नु भयो । मानिसहरु अधिकार खोज्ने तर कर्तव्य पलना नगर्दा खेलाडी उत्पादन र रिजल्ट आउन नसक्ने बताउँदै खेलकुदको माध्यमबाट देशलाई योगदान दिन उहाँले सुझाव दिनु भयो । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगा बहदुर क्षेत्रीले ओलम्पिकमा पुग्नु खेलाडीका लागि ठूलो सपना रहेको बताउनु भयो ।

गण्डकी प्रदेश सुटिङ संघको गठनसंगै कार्यसमितिमा निर्वाचित भएकाहरुको आइतबार पदस्थापना गराएको छ । मोतीराम गुरुङको अध्यक्षतामा संघको निर्वाचन १४ जेठमा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित हुनु भएको थियो। संघको उपाध्यक्षमा दलराज पुन र लोक श्रेष्ठ, महासचिवमा पुरन कुँवर, सचिवमा विज्ञान्त श्रेष्ठ, कोषाध्यक्षमा बुद्ध गुरुङ सर्वसम्मत निर्वाचित भएका हुनु भयो भने यस्तै संघको सदस्यहरुमा विजय कार्की, ऋषिकेश शर्मा पौडेल, खम्बा गुरुङ, प्रश्नसिंह ठकुरी, डविन गुरुङ, माया बस्नेत, आरसि राज भण्डारी, चीनबहादुर थापा, सुर्यबहादुर थापा र विवश क्षेत्री (काजी) रहनु भएको छ । संघका नवनिर्वाचित अध्यक्ष मोतीराम गुरूङले पोखरा रंगशालामा सुटिङका लागि जग्गा रहेको र त्यसको संरक्षण पहिलो काम रहेको बताउनु भयो । उनले अब गण्डकीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुटिङ रेन्ज निर्माणका लागि आफुहरु लाग्ने र खेलको विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । नवौं राष्ट्रिय खेलकुद पोखरामा हुँदा समेत सुटिङ रेन्च बन्न नसक्नु पोखरेली र नेपालकै लागि दुर्भाग्य भएको खेलकुदकर्मीले बताउनु भयो ।

# बोङ्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोङ्गाखोला पुलको काम थालिएको छ ।

बागलुङका तमानखोला गाउँपालिका-१ बोङ्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो । पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो । निर्माण कम्पनी समय-समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो ।

विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो। विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ । दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इञ्जिनियर अमर अधिकारीले बताउनुभयो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाब |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५१७००५७, पो.ब.नं २५१७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ०६१०००५१५३ | इन्द्र सागर पराजुली | पोखरा-२, कास्की |
| २ | GLI ०६१००१६८५३ | बलराम अधिकारी | माछापुच्छ्रे-९, कास्की |

**नाम परिवर्तन सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०२/१५ गते

कम्पनी ऐन २०६३ बमोजिम दर्ता नं. १७०२००/०७३/०७४ मा स्थापना भएको साविक आकाश डिजिटल पेमेन्ट प्रा.लि. रहेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२४ को प.सं. ८०/८१ च.नं. ५९७३१ को पत्रबाट स्वीकृत प्रदान भए अनुसार साविकमा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायीत्व सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन भई आकाश डिजिटल प्रा.लि. कायम भएको हुँदा सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**विमा लेख हरायो**

एशियन लाईफ इन्स्योरेन्स क. लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख पर्वतदेखि पोखरासम्म आउँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः जयकृष्ण लामिछाने
ठेगानाः कुश्मा–९, पर्वत
विमा लेख नं. ६५०९००००९९७
सम्पर्क : एशियन लाईफ इन्स्योरेन्स क. लिमिटेड, पोखरा
फोनः ९८४६६२०१५२

# स्कुलस्तरीय बास्केटबलमा छात्रतर्फ स्पाइरल र छात्रातर्फ विन्ध्यश्वरी च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

पोखरा महानगरपालिका वडा नम्बर १ विद्यालयस्तरीय छात्र/छात्रा बास्केटबल प्रतियोगिताको उपाधि स्पाइरल ग्यालेक्सी माबि र विन्ध्यश्वरी आदर्श बोर्डिङ स्कुलले जितेको छ।

पोखरा महानगरपालिका १ खेलकुद विकास समितिको आयोजनामा टुडिखेलमा भएको फाइनल खेलमा छात्रतर्फ करुणानिधी एजुकेशन फाउण्डेशन (केफ) लाई स्पाइरल ग्यालेक्सी माविले २५-२३ ले हराउँदै च्याम्पियन बनेको हो। यस्तै छात्रातर्फ विन्ध्यश्वरी आदर्शले राष्ट्रिय माविलाई १७-३ ले हराउँदै उपाधि उपाधि जितेको हो। छात्रतर्फ राष्ट्रिय मावि र छात्रातर्फ करुणानिधी एजुकेशन फाउण्डेशन (केफ) तृतीय स्थान हाँसिल गरेको संस्थाका सचिव अनिश गुरुङले जानकारी दिए। उनका अनुसार छात्रतर्फ उपाधि जितेको स्पाइरल ग्यालेक्सीले नगद रु १५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो भने उपविजेता बनेको केफले नगद रु १२ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो।

यस्तै तृतीय बनेको राष्ट्रिय माविले नगद रु ८ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। छात्रातर्फ च्याम्पियन बनेको विन्ध्यश्वरीले नगद रु १० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्यो। यस्तै द्वित्तीय बनेको राष्ट्रिय मावि र तृतीय बनेको केफले क्रमश नगद रु ८ हजार र ५ हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो। सो प्रतियोगितामा छात्रतर्फ स्पाइरलका प्रवेश तिवारी र छात्रातर्फ विन्ध्यश्वरीकी साइना बुद्धचार्य सर्वोत्कृष्ट खेलाडीका रुपमा ट्रफिद्वारा पुरस्कृत भइन्। यस्तै छात्रातर्फ हाइस्कोररकारुपमा विन्ध्यश्वरीकी प्रशंसा कार्की र छात्रतर्फ केफका विशेष धिताल ट्रफि र प्रमाणपत्रसहित पुरस्कृत भए।

सो प्रतियोगितामा कुल १३ वटा विद्यालयबाट छात्रातर्फ ४ टिमको सहभागिता रहेको थियो भने छात्रतर्फ ८ टिमको सहभागिता रहेको थियो। यसैगरी विद्यालयस्तरीय बास्केटबलमा छात्रातर्फ उपविजेता र छात्रतर्फ सान्त्वना स्थान हाँसिल गरेपनि राष्ट्रिय माविले रनिङ शिल्ड जितेको छ। राष्ट्रिय माविले १ वटा स्वर्ण, २ वटा रजत र ३ वटा कास्य पदक जित्दै रनिङ शिल्ड जितेको हो। राष्ट्रिय माविले ५ किलोमिटर दौडमा छात्रतर्फ उमेश विक (स्वर्ण) र सोही स्कुलकै सन्देश राईले रजत पदक जितेको संस्थाका अध्यक्ष विष्णु गुरुङले जानकारी दिए। उनका अनुसार कास्य पदक भने संस्कृत माविका आशिष सुनारले जिते। यस्तै छात्रतर्फ रत्न आधारभूतकी भिममाया गुरुङले स्वर्ण, केफकी वर्षा कुँवरले रजत र राष्ट्रिय माविकी भूमिका सुनारले कास्य पदक जितेकी थिइन्।

उनीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष, तथा पोखरा महानगरपालिकाका सल्लाहकार तेज गुरुङ, पोखरा महानगपालिका १ का वडाध्यक्ष साहारा प्रधान, नेपाल बास्केटबल संघका केन्द्रीय उपाध्यक्ष जुम प्रसाद गुरुङ, पोखरा महानगरपालिका १ का जनप्रतिनिधिहरु, राष्ट्रिय मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, आयोजक संस्थाका अध्यक्ष विष्णु गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए।

# हाते ट्र्याक्टर छोडेर गोरु पाल्दै किसान

पोखरापत्र संवाददाता
बागलुङ, २० जेठ

सङ्घीयतापछि स्थानीय सरकारले कृषि आधुनिकीकरणका नाममा धमाधम हाते ट्र्याक्टर (मिनिटिलर) अनुदानमा वितरण गरे। गोरु पालनले दिक्क भएका किसानले राहत महसुस गर्दै हाते ट्र्याक्टरले खेतबारी जोत्न थाले।

आधुनिक उपकरणको सहायताले खेतबारी जोत्दा सहज भयो, सस्तो पनि पर्‍यो तर बिस्तारै उत्पादनमा भने ह्रास आउन थाल्यो। बागलुङ जिल्लाको गलकोट नगरपालिका-४ चमुवा फाँटमा हाते ट्र्याक्टरले धान रोप्न छोडेको दुई वर्ष भइसक्यो। गोरु पाल्न छोडेका किसानले पछिल्लो समय गोरुको महत्व बुझेर पाल्न थालेको स्थानीय रतनबहादुर सुनारले बताउनुभयो। चमुवा फाँटमा अहिले पाँच हलगोरु रोपाइँमा प्रयोग भइरहेका छन्। "हाते ट्र्याक्टरले जोत्दा माथिमाथि मात्रै जोत्दो रहेछ, गहिरो नजोत्दा उत्पादनमा समस्या भयो, गहुँ र मकै ढल्ने समस्या देखियो। हेर्दा छरितो भए पनि दीर्घकालीन रूपमा गोरुले जोत्दा खेतीयोग्य जमिनलाई राम्रो हुने हामीले महसुस गर्‍यौँ," सुनारले भन्नुभयो, "चमुवामा हाते ट्र्याक्टर नआउँदा १० हलगोरु थिए, हाते ट्र्याक्टर आएपछि धेरैले गोरु बिक्री गरे। पछि गोरुले जोत्दा बाली राम्रो भयो, हाते ट्र्याक्टरमा हाल्ने पेट्रोलको भाउ समेत दोब्बर भयो, त्यसैले गोरुले जोत्न थालियो।" चमुवामा छ दिनको मेलो रोपाइँको तयारी गर्नुभएका शेरबहादुर न्यौपानेले गोरुकै सहायताले खेतमा धान रोप्न लागेको बताउनुभयो। पेट्रोलको मूल्य दोब्बर हुनु र उपकरण बिग्रिरहने समस्याले किसानहरू हाते ट्र्याक्टर छोडेर पुनः गोरु पाल्न थालेको बताउँछन्। गोरु लोप हुन थालेपछि पछिल्लो एक वर्षयता बागलुङको जैमिनी नगरपालिका र बागलुङ नगरपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन समेत गर्न थालेका छन्। एक हल गोरु पाल्ने किसानलाई रु १० हजारका दरले अनुदान दिन लागिएको जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो।

बागलुङ नगरपालिकाले गोरु किसानलाई प्रोत्साहन गर्न रु चार लाख बजेट विनियोजन गरेको नगरपालिकाका नगरउपप्रमुख राजु खड्काले बताउनुभयो। कृषिमा आधुनिकीकरणका कारण गोरु लोप हुन थालेपछि गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्दा गोरुको महत्व बढेको छ। थ्रेसर मेसिन र ट्र्याक्टरले उत्पादन लागत घटाउने भए पनि पेट्रोलको मूल्य बढेपछि हाते ट्र्याक्टरको प्रयोग बिस्तारै घट्न थालेको छ।


## कर्जा तिर्न आउने बारे ७ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८१/०२/२१ गते

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लि. साविक अमले बचत तथा ऋण सहकारी बाट घर जग्गा कर्जा शीर्षक अन्तरगंत कर्जा उपयोग गर्नुहुने शेयर सदस्यहरुले उक्त कर्जाको तिनुपर्ने सावाँ, ब्याज, बिलम्ब शुल्क र अन्य दस्तुर समेतको रकम कर्जा भुक्तानि तालिका बमोजिम भुक्तानि नगरी कर्जा लिने बेला भएको सम्झौता बमोजिम नियम पालना नगरेको तथा यस संस्थाको तर्फबाट भाखा नाघेको कर्जा नियमित रुपमा भुक्तानि गर्न गराउन बारम्बार मैखिक, फोन सम्पर्क तथा लिखित रुपमा ताकेता गर्दा समेत यहाले तिर्नुपर्ने सावाँ ब्याज बिलम्ब शुल्क र अन्य दस्तुर भुक्तानि गर्न नआई कुनै घासो नदेखाई आल टाल गर्नुभएको र आफुले बुझाउनुपर्ने रकम नबुझाउनु भएको हुदाँ यो ७ दिने सर्वजनिक सुचना प्रकाशित गरीयको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थामा सर्म्पक राखि तपाईले बुझाउनुपर्ने सम्पुर्ण रकम सावाँ ब्याज र अन्य दस्तुर बुझाउनुहोला। अन्यथा प्रचलित ऐन कानुन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, र यस संस्थाको विनियम र कर्जा निती बमोजिम आठौं दिनदेखि धितोमा रहेको अचल सम्पती लिलाम बिक्रीको प्रकृया अगाडी बढाई संस्थाले लिनुपर्ने सम्पुर्ण रकम असुल उपर गरिनुका साथै ऋणिलाई कालो सुचिमा राखिने ब्योहोरा समेत यसै सुचना मार्फत जानाकारी गराईन्छ।

कर्जा विवरण

| ऋणी तथा कर्जाको विवरण | फोटो | धनजमानी |
|---|---|---|
| नाम : जुठी दमिनी<br>ना.प्र.प्र.नं. २/२३४<br>जारी मिति २०४२।०१।०९<br>पतीको नाम : भुबाने दमाई<br>ससुरा : मंगले दमाई<br>ठेगाना : कास्की जिल्ला कृस्ती नाच्ने चौर गा.वि.स.वडा नं ३ आरनडाँडा<br>**धितोको विवरण:** ऋणी जुठि दमिनिको नाममा रहेको गण्डकी अञ्चल कास्की जिल्ला कृस्ती नाच्ने चौर गा.वि.स. वडा नं. ३ मा रहेको कित्ता नं. १९०, क्षेत्रफल ३-१०-१-१ रोपनिको जग्गा |  | श्री मिन बहादुर सेवा<br>श्री रेशम बहादुर परियार |
| नाम : शिव बहादुर ढकाल क्षेत्री<br>ना.प्र.प्र.नं. ४६१०२०/१२९<br>जारी मिति २०६४।०७।१५<br>बाबुको नाम : तोरण बहादुर ढकाल क्षेत्री<br>बाजेको नाम : कर्ण बहादुर ढकाल क्षेत्री<br>ठेगाना :कास्की जिल्ला पोखरा-१८ सराङ्कोट<br>ऋणको विवरण : सेयर धनजमानि |  | देवेन्द्र प्रसाद कोइराला |
| नाम : नारायण प्रसाद अर्याल<br>ना.प्र.प्र.नं.५३५५९<br>जारी मिति २०५६।०५।०९<br>बाबुको नाम : टिकाराम अर्याल<br>बाजेको नाम : खगुलाल अर्याल<br>ठेगाना : स्याङ्जा जिल्ला पुतलि बजार-१०<br>ऋणको विवरण : सेयर धनजमानि |  | सागर बराल<br>अनिस पहारी<br>हरी के.सी. |
| नाम : मिना कार्की<br>ना.प्र.प्र.नं. ३५१०२९/६६४<br>जारी मिति २०६९।१२।२२<br>बाबुको नाम : दुर्गा बहादुर क्षेत्री<br>ठेगाना : चितवन जिल्ला कल्यानपुर गा.वि.स. वडा नं ८<br>ऋणको विवरण : सेयर धनजमानि |  | गोमा बास्तोला<br>कृष्ण बहादुर थापा |
| नाम : उज्ज्वल गिरी<br>ना.प्र.प्र.नं. ४६३००४/१३९<br>जारी मिति २०६३।१०।२५<br>बाबुको नाम : निलकण्ठ गीरी<br>बाजेको नाम : रुन्द्र गीरी<br>ठेगाना :कास्की जिल्ला निर्मलपोखरी गा.वि.स वडा नं ५<br>ऋणको विवरण : सेयर धनजमानि |  | भरत प्रसाद सुवेदी<br>सन्तोष पहारी |
| नाम : अन्जना पौडेल<br>ना.प्र.प्र.नं. ५१०१६९०१८३९/१२९<br>जारी मिति २०६९।१२।०१<br>बाबुको नाम : दिर्ग नारायण पौडेल<br>बाजेको नाम : गंगाधर पौडेल<br>ठेगाना : पर्वत जिल्ला आर्थरडाँडाखर्क गा.वि.स. वडा नं ७<br>ऋणको विवरण : सेयर धनजमानि |  | सुजता पन्त |


# रिमाल समाज गण्डकीको अध्यक्षमा गोकुल रिमाल निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

रिमाल समाज गण्डकीको अध्यक्षमा गोकुल रिमाल निर्वाचित भएका छन्। पोखरामा भएको दोस्रो साधारण सभा तथा दोस्रो अधिवेशनले गोकुलको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो।

उपाध्यक्षमा नरबहादुर रिमाल, सचिवमा सन्दिप रिमाल, कोषाध्यक्षमा गंगा रिमाल, सह-सचिवमा सुशिल रिमाल निर्वाचित भएका छन्। सदस्यहरुमा ऋषिराम रिमाल, यमप्रसाद रिमाल, गणेश रिमाल, लक्ष्मण रिमाल, भवानी शंकर रिमाल, पुरुषोत्तम रिमाल चयन भए। यसअगाडि रिमाल समाज गण्डकीको अध्यक्ष महेश्वर रिमालको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन सत्रमा रिमाल समाजका केन्द्रीय महासचिव रवि रिमाल, कुष्मा नगरपालिका वडा नम्बर १४ का वडाध्यक्ष रुद्र मोहन रिमाल, १२ का अध्यक्ष झलक प्रसाद रिमाल, सल्लाहकारहरु महेन्द्र रिमाल, लालुप्रसाद शर्मा रिमाल, डिल्लीराम रिमाल लगायतले बोलेको थिए।

# 'नयाँ सहर आयोजना'का काम सुस्त

पोखरापत्र संवाददाता
बागलुङ, २० जेठ

बागलुङको बुर्तिबाङ बजारलाई नमूना बनाउने गरी काम सुरु भएको नौ वर्ष भइसकेको छ। विसं २०७२ मा दश नमूना सहर बनाउने सरकारको योजनाअनुसार आर्थिक वर्ष २०७२/७३ देखि बजेट विनियोजन गरेर काम सुरु भएको थियो।

बुर्तिबाङ बजारमा नयाँ सहर आयोजना कार्यालय स्थापना गरी काम हुँदै आए पनि काम अपेक्षाअनुसार हुन नसकेको स्थानीय बताउँछन्। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग छेउमै पर्ने बुर्तिबाङ बजार जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र हो। साँघुरो बजारमा साँघुरै सडक हुँदा पनि नयाँ सहर आयोजनाले सडकलाई व्यवस्थित बनाउन सकेको छैन। योजना सुरु भएदेखि हालसम्म करोडौँ बजेट विनियोजन भएको छ। हरेक वर्ष करोडौँका बजेट यहाँ परे पनि अत्यावश्यकीय पूर्वाधार निर्माण हुन सकेका छैनन्। पूर्वाधार निर्माणका लागि पर्याप्त बजेट विनियोजन नहुँदा समस्या भएको आयोजना कार्यालयले जनाएको छ। बजारलाई पूर्वाधार युक्त सहर निर्माण गरी बसोबासका लागि आकर्षित र व्यवस्थित गर्ने उद्देश्यका साथ निर्माणाधीन नयाँ सहर आयोजनाका लागि करोडौँ बजेट खर्च भए पनि हालसम्म उल्लेख्य विकास नभएको स्थानीयले गुनासो गरेका छन्।

नयाँ सहरका रूपमा निदृष्ट क्षेत्रमा कालोपत्र सडक, व्यवस्थित विद्युतीकरण, खानेपानी, ढल निकासी, आवश्यकता अनुसार उद्यान, खेल मैदान, मनोरञ्जन स्थल, हाट बजारलगायत पूर्वाधार निर्माण हुनुपर्ने भए पनि अझै धेरै काम गर्न बाँकी रहेको नयाँ सहर आयोजना कार्यालयका लेखा प्रमुख विष्णुप्रसाद पौडेलले बताउनुभयो। सङ्घीय सरकारले हालसम्म उक्त आयोजनाका लागि रु ६७ करोड ३७ लाख ५४ हजार दुई सय १८ लगानी गरेको छ। गत आवमा मात्रै रु १८ करोड ३३ लाख ८७ हजार १६ विनियोजन भएको थियो। चालु आवमा रु सात करोड ३३ लाख विनियोजन भएर काम भइरहेको पौडेलले जानकारी दिनुभयो। हरेक वर्ष बजेटको आकार घटबढ हुँदा लक्ष्यअनुसार काम गर्न नसकिएको आयोजना कार्यालयले जनाएको छ। आवश्यकता अनुसारको बजेट नआउँदा अपेक्षाअनुसार काम गर्न नसकिएको आयोजना कार्यालयका लेखा प्रमुख पौडेलले बताउनुभयो। बजेट रकम घटबढ हुँदा अगाडि बढाइएका योजना सम्पन्न गर्न समस्या भएको उहाँको भनाइ छ। पौडेलका अनुसार २०७२ सालदेखि हालसम्म १७ किलोमिटर सडक ढलान, ६.२५ किमी नाली निर्माण, एउटा पाँचतले भवन, दुई सय ७२ वटा सौर्य बत्ती जडान र ५६ रोपनी जग्गा खरिद भएको छ। एउटा बसपार्क र पार्क निर्माणाधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो। 'ल्यान्डफिल्ड साइट', हाट बजार, खेलमैदान, खानेपानी व्यवस्थापनलगायत महत्वपूर्ण कामहरू गर्न बाँकी रहेको उहाँको भनाइ छ। "नयाँ सहर आयोजनाको कार्यालय स्थापना भएपछि सरकारले विनियोजन गरेको बजेटअनुसार सानाठूलो काम भइरहेका छन्, जति हुनुपर्थ्यो, बजेट अभावका कारण त्यति हुन नसकेको वास्तविक हो, हरेक वर्ष बजेटको आकार घटेर आउँछ, यसले गर्दा अघिल्लो वर्ष सुरु गरेका योजना सम्पन्न गर्नै गाह्रो हुन्छ, नयाँ आयोजनाका लागि बजेट नपुग्ने समस्याका कारण प्राथमिकताका क्षेत्र पहिचान गरी सोही आधारमा काम गरिरहेका छौँ", आयोजना कार्यालयका लेखा प्रमुख पौडेलले भन्नुभयो।

आयोजनाको कार्यालय स्थापना भएर करोडौँ लगानी हुँदा पनि नागरिकले अनुभूति गर्ने विकास नभएको ढोरपाटन-१ का भीमबहादुर क्षेत्रीले बताउनुभयो। आयोजनाले बुर्तिबाङ बजारलाई व्यवस्थित बनाउन नसकेको भन्दै सडकहरू साँघुरा हुँदा पैदल यात्रु तथा स्थानीय व्यापारीलाई दुर्घटनाको जोखिम बढेको उहाँको भनाइ छ। बजार क्षेत्रका चोक, फुटपाट तथा गल्लीहरू निकै जोखिमयुक्त रहेको भन्दै आयोजनाले बजारमा नयाँपन दिन नसकेको क्षेत्रीले बताउनुभयो।

सरोकार भएका निकाय तथा स्थानीय सरकारले प्रभावकारी कामका लागि आयोजना प्रमुख तथा अन्य प्रतिनिधिलाई दबाब दिनुपर्ने उहाँको भनाइ छ। "आयोजनाले प्रभावकारीरूपमा काम गर्नु सकेको छैन। यहाँका पुरानै साँधुरा सडकमा बस पार्किङ हुन्छन्, साँघुरा सडकमा जोखिम मोलेर यात्रु हिँड्छन्, फोहर व्यवस्थापन हुन सकेको छैन," क्षेत्रीले भन्नुभयो, "आयोजनाले कोही नपुग्ने कुत्थाप्लामा भवन बनाएको छ। प्रयोगमा कम आउने सडक ढलान गरेको छ। जुन उद्देश्यले आयोजना स्थापना भएको हो, त्योअनुसार काम भएको छैन।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

योजनाको नाम : बारबिसे चैनपुर सडक स्तरउन्नति
ठेगाना : पोखरा-३२
योजना सम्झौता मिति : २०८१/०१/१४
योजना शुरु मिति : २०८१/०१/१५
योजना सम्पन्न हुने मिति : २०८१/०२/२५
योजना सम्पन्न भएको मिति : २०८१/०२/१५
कूल लागत : रु. ५,५६,३७८।३८
महानगरपालिकाबाट : रु. ५,००,०००
जनसहभागिता : रु. ५६,३७८।३८

बुद्धिसागर पँगेनी
अध्यक्ष
बारबिसे चैनपुर सडक स्तरउन्नति उपभोक्ता समिति



## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/२१)

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४, कास्की**का लागि निम्न लिखित रिक्त पदमा यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१ जेठ १८ गतेको निर्णय अनुसार करार सेवामा शिक्षक नियुक्त गर्न आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकले यही असार ३ गते अपरान्ह ४ बजेभित्र आफ्ना सम्पूर्ण शैक्षिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र सहित अन्य आवश्यक कागजातका प्रतिलिपि संलग्न गरी आफ्नै हस्ताक्षरमा दरखास्त लेखी यस विद्यालयमा बुझाउन अनुरोध छ।

| क्र.स. | पद | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | शिक्षक | प्रा.वि. तह | विज्ञान | १ | कक्षा १२ उत्तीर्ण वा सो सरह। |

तलब सुबिधा : नेपाल सरकारको नियमानुसार।
परीक्षा दस्तुर : १०००।-
परीक्षा किसिम : लिखित, अन्तरबार्ता र कक्षा अवलोकन।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क मिति : २०८१ साल असार ४ गते।
अध्यापन अनुमति पत्र सम्बन्धमा : सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र अनिवार्य हुनुपर्नेछ।
उमेर हद : दरखास्त बुझाउने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
परीक्षा दस्तुर वापतको रकम राष्ट्रिय बाणिज्य बैंकको अमरसिंह चोकको विद्यालयको नाममा रहेको खाता नं ३४८०१०००१०७१३००१ मा जम्मा गरेको सक्कल भौचर वा अनलाईन पेमेन्ट भौचर निवेदन सहित संलग्न गर्नुपर्नेछ।
**(नोट : यो आवासीय विद्यालय भएकाले छात्रावासमा बसेर जिम्मेवारी बहन गर्नेलाई प्राथमिकता दिइनेछ।)**

**विस्तृत जानकारीको लागि सम्पर्क :**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८६९१४७५११**